अमरगढी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
डडेल्धुरा
सुदूरपश्चिम प्रदेश नेपाल

प.स.०८०/०८१
च.नं. ९०६

फोन ०९६४१०२२...
०९६४१००५...
०९६४१००२...

मितिः-२०८०।०९।२२

**बिषयः** - आय व्ययको प्रक्षेपण पठाईएको ।

श्री अर्थ मन्त्रालय,
सिंह दरवार काठमाण्डौ ।

प्रस्तुत बिषयमा यस कार्यालयको अन्तर सरकारी बित्त व्यवस्थापन ऐन २०७४ को दफा १८ बमोजिम आगामी आ.व. २०८१/८२ को आय व्ययको प्रक्षेपण प्रतिवेदन यसै साथ संलग्न गरि पठाइएको व्यहोरा अनुरोध छ ।

२०८०।९।२२

लक्ष्मी प्रसाद उपाध्याय
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ :
श्री प्राकृतिक श्रोत तथा बित्त व्यवस्थापन आयोग,
सिंह दरवार काठमाण्डौ ।
श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
काठमाण्डौ ।

# राजस्व परामर्श समितिको प्रतिवेदन

## २०८०

अमरगढी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
डडेल्धुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

अमरगढी नगरपालिका

राजस्व परामर्श समिति

पौष २०८०

CamScanner

**भूमिका**

मुलुक संघियतामा प्रवेश गरे लगतै स्थानीय तहको निर्वाचन भएको पाँच बर्ष भन्दा बढि समय भएको छ । नेपालको संविधानले परिकल्पना गरेको राज्यका तीन तहका सरकार मध्ये नागरिकका घरआँगनमा सजिलै देखिने भेटिने र प्रत्येक नागरिकको समस्याको समाधान स्थानीय स्तरमा सरल तरिकाले खोज्न हरपल तत्पर हुने तहको रुपमा स्थानीय तह रहेको छ । मुलुकमा रहेका धेरैजसो स्थानीय स्तरको समस्याको हल गर्ने जिम्मेवारी समग्रमा सवै तहको हुन्छ । मुलुकको समृद्धि सवै नागरिकको समृद्धिसँग गाँसिएको विषय हो । मुलुकलाई समृद्धिको दिशामा डोऱ्याउन सरकारको एउटा तह वा अंगको प्रयासले मात्र अपुग सावित हुन्छ । स्थानीय स्तरमा हुने आर्थिक कृयाकलापलाई ब्यवस्थित र दिगो बनाउदै जानेतर्फ स्थानीय सरकार, प्रदेश सरकार र संघीय सरकारको संयुक्त पहल हुनु जरुरी छ । स्थानीय स्तरमा आर्थिक विकास र समृद्धिको बारेमा सोच्ने प्रमुख दायित्व स्थानीय सरकारको हुन्छ । प्रदेश सरकारले पनि स्थानीय विकासका आवश्यकता माथि अवश्य नै ध्यान पुऱ्याउदै आएको छ । स्थानीय तहले गर्ने विभिन्न आयका श्रोतहरु मध्ये आन्तरिक राजस्व पनि एक हो । आन्तरिक आय सदृढ भएका स्थानीय तहको बजेटको श्रोत दिगो हुन्छ । अमरगढी नगरपालिकाले प्राप्त गर्ने आन्तरिक आय मध्ये बहालकर र ब्यवसायकर को हिस्सा ठुलो रहेको छ । कतिपय कर राजस्वको क्षेत्रमा स्थानीय तह र प्रदेश सरकार दुबैको साझा अधिकारको ब्यवस्था रहेको छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६५ र नेपाल सरकार, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले जारी गरेको स्थानीय तहको बार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ (परिमार्जित) बमोजिम मेरो संयोजकत्वमा स्थानीय राजश्व परामर्श समिति गठन भई गत बर्ष निर्धारण भएका आन्तरिक राजस्व र हाल सम्मको राजस्व प्राप्ति माथि ब्यापक अध्ययन र छलफल गरि आगामी आर्थिक बर्ष २०८१/८२ को लागि यस नगर पालिकाले नगर सभा मार्फत तय गर्ने नीति तथा बजेटका लागि आर्थिक विधेयक र विनियोजन विधेयकमा समावेश गर्नुपर्ने राजस्व नीति तथा कार्यक्रमको बारेमा सुझाव दिने उद्देश्यले यो प्रतिवदेन तयार गरिएको छ ।

पार्वती देवी भुकाल
संयोजक
नगर स्तरीय राजस्व परामर्श समिति
अमरगढी नगरपालिका ।

विषयसूची

परिच्छेद १, राजस्व परामर्श समिति
१.१ परिचय
१.२ राजस्व परामर्श समितिको संरचना
१.३ राजस्व परामर्श समितिको काम, कर्तव्य र अधिकार

परिच्छेद २, अध्ययन विधि
२.१ अध्ययन विधि
२.२ करका दर तथा वर्तमान अवस्था र गरिनुपर्ने संसोधन

परिच्छेद ३, मुख्य सिफारिसहरु
३.१ राजस्व सुधार कार्ययोजनाको कार्यान्वयन
३.२ मुख्य सिफारिसहरु
३.२ निश्कर्ष

अमरगढी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
डडेल्धुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

CamScanner

## १.१ परिचय

नेपालको संविधानको धारा २३० मा गाउँपालिका तथा नगरपालिकाको राजस्व र व्ययको अनुमान रहेको छ। जसमा प्रत्येक आर्थिक बर्षको राजस्व र व्ययको अनुमान स्थानीय कानून बमोजिम नगर सभामा पेश गरि पारित गराउनुपर्ने उल्लेख भएको र नगरपालिकाले आम्दानी प्राप्त गर्ने सम्बन्धमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६५ साथै स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ ले पनि नगरपालिका भित्रका राजस्वका श्रोत, दायरा र दर समेत अनुमान गर्नुपर्ने व्यवस्था गरेको छ ।

## १.२ राजस्व परामर्श समितिको संरचना

नगरपालिकाको उपप्रमुखको संयोजकत्वमा निम्नानुसार राजस्व परामर्श समितिको गठन हुने प्रावधान रहेको छ।

क) नगरपालिकाको उप प्रमुख - संयोजक

ख) नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत - सदस्य

ग) कार्यपालिकाले तोकेको कार्यपालिकाका सदस्य मध्ये बाट एकजना महिला सहित २ जना - सदस्य

घ) निजी क्षेत्रको उद्योग बाणिज्य सम्बन्धी मान्यता प्राप्त संस्थाको नगर तहको अध्यक्ष वा निजले तोकेको प्रतिनिधि - सदस्य

ङ) घरेलु तथा साना उद्योग सम्बन्धी मान्यता प्राप्त संस्थाको नगर तहको अध्यक्ष वा निजले तोकेको प्रतिनिधि - सदस्य

च) नगपालिकाको राजस्व शाखा प्रमुख - सदस्य सचिव

सबै पदाधिकारी ऐनले तोके बमोजिम हुने गरि राजस्व परामर्श समिति गठन भई कृयाशिल रुपमा काम हुदै आएको छ।

## १.३ राजस्व परामर्श समितिको काम, कर्तव्य र अधिकार

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६५ (२) र स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन २०७४ को बुदा नं २.१.२ ले राजस्व परामर्श समितिको काम कर्तब्य र अधिकार निम्न बमोजिम हुने उल्लेख गरेको छ।

(क) राजस्व सम्बन्धी नीति तथा कानूनको तर्जुमा, संसोधन, परिमार्जन र सोको परिपालनाका सम्बन्धमा आवश्यक परामर्श प्रदान गर्ने।

(ख) राजस्वको श्रोत, दायरा र दर समेतको विश्लेषण गरी आगामी आर्थिक वर्षमा प्राप्त हुन सक्ने राजस्वको अनुमान गर्ने।

(ग) राजस्वको दर र क्षेत्र लगायतका आधारमा आन्तरिक आयको विश्लेषण र अनुमान गर्ने।

(घ) स्थानीय उद्योग तथा व्यवसाय प्रवर्द्धन र रोजगारी श्रृजनामा योगदान दिने किसिमको कर नीतिको सम्बन्धमा परामर्श दिने।

(ङ) कर राजस्व, गैरकर राजस्व, सेवा शुल्क, दस्तुर आदिको दर निर्धारण गरि सिफारिस गर्ने।

(च) राजस्व प्रशासन सुधारका लागि अन्य आवश्यक परामर्श दिने।

CamScanner

परिच्छेद २

## २.१ अध्ययन विधि

स्थानीय तह गाउँपालिका नगरपालिकाको नेतृत्व आवधिक निर्वाचनको माध्यमबाट निर्वाचित भई आएको राजनैतिक नेतृत्वले गर्छ। स्थानीय तहले हिजोका दिन भन्दा धेरै भन्दा धेरै जनअपेक्षा पुरा गर्नुपर्ने भएको छ। जनताको अपेक्षा पुरा गर्न नगरपालिकाले आफुलाई आम्दानीको दर र दायरा बढाउनु अत्यन्तै आवश्यक रहेको छ किनकी संघ र प्रदेशबाट प्राप्त हुने अनुदान निश्चित मात्र हुन्छ। तसर्थ, यस समितिले नगरपालिकाको आफनो सीमाभित्र राजस्वका श्रोत खोजी गर्नुपर्ने हुन्छ। अमरगढी नगरपालिकाको आर्थिक ऐन, २०७९ को अनुसूचीमा व्यवस्था भए बमोजिमका अधिकांश कर संकलन गर्ने कार्यमा नगर कार्यपालिकाको कार्यालय संलग्न रहेको थियो। हाल लोक सेवा आयोगबाट सवै वडा कार्यालयहरुको लागि प्रशासनिक दरवन्दीमा पदपुर्ति भईसकेकोमा एघार वटा कार्यालयबाट सम्पत्ति कर संकलन गर्ने कार्य सुरु भएको छ। आर्थिक ऐन, २०७९ मा कायम रहेको करको दरमा कुनै परिवर्तन नगरी करको दायरमा भने सामान्य परिवर्तन भएको छ। २०८० असार मसान्तसम्म संकलित आ.व. २०७९।०८० को राजस्वलाई अध्ययन तथा विश्लेषण गर्दा विगत बर्षमा राखिएको करको लक्ष्यमा नगरपालिका पुग्न नसकि गत आ.व. को लागि राखिएको रु १६००००००।-. को लक्ष्यलाई प्राप्ति गर्न नसकेको देखिन्छ। गत वर्ष राखिएको लक्ष्यको अध्ययन विष्लेशण तथा २०८० श्रावण महिना देखि २०८० मंसीर महिनासम्म ६३१०७९१।- (त्रिसट्ठी लाख दश हजार सात सय एकानव्वे मात्र) संकलन भएको आन्तरिक राजस्वको अध्ययन विष्लेशणको आधार र आर्थिक ऐन, २०८० मा रहेका दर बमोजिमका कर संकलन गर्दा यस आर्थिक बर्षको अन्त्य सम्ममा करिव रु १६९२५५८१।- (एक करोड उनान्सत्तरी लाख पच्चीस हजार पांच सय एकासी मात्र) आन्तरिक आय हुने संशोधित अनुमान रहेको छ। यिनै आधारमा तपसिलमा उल्लेख भए बमोजिम करका दर र दायरा कायम गर्दा आ.व. २०८०।०८१ मा रु .१६९२५५८१।-. अक्षेरुपी एक करोड उनान्सत्तरी लाख पच्चीस हजार पांच सय एकासी रुपिया मात्र आन्तरिक आम्दानी हुने प्रक्षेपण गर्न सकिन्छ।

## २.२ करका दर तथा बर्तमान अवस्था र गरिनुपर्ने संसोधन

अमरगढी नगरपालीका आर्थिक ऐन, २०८० मा सम्पत्ति कर अन्तर्गत तथा नयाँ आर्थिक ऐनको लागि निम्न अनुसार दररेट रहेको तथा प्रस्ताव गरिएको छ।

CamScanner

# अनुसूची १

## (दिग्दर्शनको दफा ५.१.१ संग सम्बन्धित)

## आय तथा व्ययकोप्रक्षेपण

### आ.ब २०८० /०८१

| | शिर्षक | आ.व. २०७९/०८० को यतार्त | आ.व. २०८०/०८१ को अनुमान | आ.व. २०८१/०८२ को अनुमान |
|---|---|---|---|---|
| | **आन्तरिक राजस्व** | | | |
| ११३१३ | एकिकृत सम्पती कर | ३६८२ | ४००० | ४००० |
| ११३२१ | घर बहाल कर | ४६८१ | ४००० | ४५०० |
| ११६१३ | ब्यबसाय रजिष्ट्रेशन दस्तूर | १६६३ | २५०० | २७७५ |
| ११६१४ | एफ.एम तथा रेडियो दर्ता दस्तूर | ० | ० | ० |
| ११६९१ | अन्य कर | ५९८ | ५० | ६१ |
| १४२१३ | अन्य बिक्रिबाट प्रप्त रकम | ४४६ | २५० | ५५० |
| १४२१९ | अन्य सेवा शूल्क | | २०० | ३०८ |
| १४२४२ | नक्सापास दस्तूर | ४९० | १४०० | १४०० |
| १४२४३ | सिफारिस दस्तूर | ११४३ | २००० | १५०० |
| १४२४४ | व्यक्तिगत घटना दर्ता | १६७ | २०० | २०० |
| १४२४५ | नाता प्रमाणित | १९ | ५० | ५० |
| १४२४९ | अन्य दस्तुर | ३९२ | ८०० | ५५० |
| १४३११ | न्यायीक दण्ड जरिमाना | ७४० | ४०० | ४०० |
| १४५२९ | अन्य राजश्व | १७६५ | २०० | ५५० |
| | गत बर्षको मौज्दात | ६१५१० | २५००० | ० |
| | जम्मा | | ४१०५० | १६८४४ |
| | संघीय सरकार बाट प्रप्त अनूदान | | | |
| १३३११ | समानीकरण अनूदान | ९९९०० | ९५२०० | १२०००० |
| १३३१२ | शसर्त अनूदान | ४१७३५८ | २२३००० | २६६११५ |
| १३३१३ | बिशेष आूदान | ० | ७००० | १०००० |
| १३३१४ | समपुरक अनुदान | १५००० | २१५०० | २५००० |
| | प्रदेश बाट प्रप्त अनूदान | | | |
| १३३११ | समानीकरण अनूदान | ७३६८ | ७७६३ | ८९१५ |
| १३३१२ | शसर्त अनूदान | | ५८५० | ६५०० |
| १३३१३ | बिशेष आूदान | २५०० | ३५०० | ५००० |
| १३३१४ | समपुरक अनुदान | ० | ८००० | १०००० |
| | राजश्व बांडफांड बाट प्रप्त हूने | | | |
| ११३१५ | घर जग्गा रजिष्ट्रेशन | २३३४ | २००० | ३००० |
| ११४११ | मु अ कर | ५०२२७ | ८५३४४ | ७५००० |
| ११४२१ | अन्त शुल्क | १८६५२ | ० | २५००० |
| ११४५६ | सवारी साधन कर | २९२१ | ३१६६ | ३५०० |
| | जम्मा | | ४६२३२३ | ५५८०३० |
| | कूल जम्मा | ६९३५५६ | ५०३३७३ | ५७४८७४ |
| | **व्यय** | | | |
| | चालू खर्च | | | |
| २१११११ | पारिश्रमिक कर्मचारी | ४१७१९ | ६६३०१ | ७०००० |

अमरगढी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय

| | | | | |
|---|---|---|---|---|
| २१११२ | पारीश्रमीक पदाधिकारी | ० | ० | |
| २११२१ | पोषाक | [illegible]३० | ९३० | १००० |
| २११२३ | औषधि उपचार | ५८ | २५० | २५० |
| २११३१ | स्थानीय भत्ता | १६१७ | २६२८ | २८०० |
| २११३२ | महंगी भत्ता | ११११ | १९०० | २००० |
| २११३३ | फिल्ड भत्ता | १४५६ | ३५०० | ४००० |
| २११३४ | कर्मचारी बैठकभत्ता | ३५१ | १५०० | १६०० |
| २११३९ | अन्य भत्ता | ५१९ | १२०० | १२०० |
| २११३५ | पुरस्कार | १११ | २५० | ३०० |
| २११४१ | पदाधिकारी बै.भत्ता | ८३२ | २५०० | ३००० |
| २११४२ | पदाधिकारी अन्य सूबिधा | १०२७६ | १२००० | १३००० |
| २११४९ | पदाधिकारी अन्य भत्ता | ० | १०० | २०० |
| २१२१४ | कर्मचाऽी कल्याण कोष | ३००० | ३५०० | ४००० |
| २२१११ | पानि बिजूली | ६३३ | १२०० | १२०० |
| २२११२ | सञ्चार महशूल | २८० | १००० | ११०० |
| २२२११ | अन्य सामाजिक सूरक्षा | ३२ | ५५८३ | ४०० |
| २२२१२ | ईन्धन कार्यालय प्रयोजन | ५५०० | ६००० | ६००० |
| २२२१३ | सवारी साधन मर्मत | २५०३ | ३५०० | ४००० |
| २२२१४ | बिमा तथा नबिकरण | ५५८ | १००० | १००० |
| २२२२१ | मेशिनरी औजार मर्मत सम्भार | १०८० | १५०० | १६०० |
| २२२३१ | सा.सम्पति मर्मत सम्भार र सं. | १६६ | १२०० | १४०० |
| २२२९१ | अन्य सम्पति मर्मत सम्भार र सं. | | १२०० | १२०० |
| २२३११ | मसलन्द तथा कार्यालय सञ्चालन | ८२९१ | ११४३० | ११५०० |
| २२४१२ | सूचना प्रणालि सप्टवयरु सञ्चालन | ५९६ | १२०० | १२०० |
| २२४१३ | करार सेवा शूल्क | ० | १५०० | १८०० |
| २२४१९ | अन्य सेवा शूल्क | ७७५ | ३००० | ३००० |
| २२३१३ | पुस्तक तथा सामग्री खर्च | ३०० | ८०० | ८०० |
| २२३१४ | ईन्धन अन्य प्रयोजन | ५०० | ६०० | ६०० |
| १२३१५ | पत्रपत्रिका छपाई तथा सूचना | ७८७ | ५०० | ७०० |
| २२३१९ | अन्य कार्यालय सञ्चालन | ३६५ | ५०० | ५०० |
| २२४११ | सेवा तथा परामर्ष | ३६४ | १५०० | १८०० |
| २२४१४ | सरसफाई सेवा कार्यक्रम | ३९९४ | ४६४० | ४६४० |
| २२५११ | कर्मचारी तालिम खर्च | ७३१ | १००० | १००० |
| २२६११ | अनूगमन मूल्या)कन खर्च | १०४३ | १७७० | १८०० |
| २२६१२ | भ्रमण खर्च | २५४८ | ६९०२ | ३५०० |
| २२६१९ | अन्य भ्रमण खर्च | ८६७ | १००० | १००० |
| २२७११ | बिबिध खर्च | ३१८८ | ४६४७ | ४००० |
| २२७२१ | सभा सञ्चालन खर्च | ५९९ | ७०० | ७०० |
| २८१४२ | घर भाडा | १४३५ | २१०० | २१०० |
| २२५१२ | सिप बिकास तालिम | २१४२ | ७६० | १००० |
| २२५२२ | कार्यक्रम खर्च | २३७७९२ | १८९२३२ | २४५०० |
| २२५२९ | बिबिध कार्यक्रम खर्च | ४३८० | ११७७८ | ६००० |
| २५३११ | शैक्षिक सुस्थाहरुलाई सहायता | १९०० | ९३०० | ५००० |
| २७११२ | अन्य सामाजिक सहायता | ४५१ | ७०० | ६०० |
| २७२१२ | उदार राहत तथा पु.खर्च | २५० | ० | ५०० |
| २७२१३ | औषधी खरिद खर्च | १८२४ | २३०० | २५०० |

CS CamScanner

| | | | | |
|---|---|---|---|---|
| २८१४३ | सवारी साधन तथा मेसिन औजार भाडा | | ८०० | १००० |
| २८१४३ | अन्य सामाजिक सुरक्षा | | ६५० | ७०० |
| | जम्मा | | ३७८०५१ | २०३६९० |
| .पूजिगत खर्च | | | | |
| ३१११२ | गैर आवासिय भवन निर्माण | ३५१०० | १६००० | १३००० |
| ३११११ | आवासिय भवन निर्माण | १५०० | ४१०० | १६०० |
| ३१११५ | फर्निचर तथा फिक्चस् | १६७३ | ११०० | १७०० |
| ३११२१ | सवारी साधन | ४२७ | २००० | ४२०० |
| ३११२२ | मेशिनरी तथा औजार | २३५० | १३०० | २५०० |
| ३११५९ | अन्य सार्बजनिक निर्माण | २१८३३६ | ६७९७७ | ३०३६२४ |
| ३११४१ | सुचना प्रणाली तथा उपकरण जडान | | १४२० | |
| ३१११५१ | सडक तथा पुल निर्माण | १७८५० | १६१२५ | २०००० |
| ३११५३ | विद्युत संरचना निर्माण | १००० | १००० | १२०० |
| ३११५४ | तटबन्ध तथा बाँध निर्माण | | | |
| ३११३५ | पुँजिगत परामर्श खर्च | २४४८ | २५०० | ३००० |
| ३११५५ | सिंचाई संरचना निर्माण | १२१४ | ९२०० | १३०० |
| ३११५६ | खानेपानी संरचना निर्माण | ५४४१ | ० | ९००० |
| ३११५७ | वन तथा बाताबरण संरक्षण | ४६ | ६०० | ६० |
| ३११५८ | सरसफाई संरचना निर्माण | १२०२ | | ४५०० |
| ३११७१ | पुँजिगत सुधार खर्च | ० | | |
| ३११३५ | पुँजिगत अनुसद्धान परामस खर्च | १२४० | | १३०० |
| ३११३१ | पशुधन तथा बागवानि | १५० | | २०० |
| ३१११४ | जग्गा खरिद | | २००० | ४००० |
| | कुल जम्मा | | १२५३२२ | ३७११८४ |
| | | ६३८२२५ | ५०३३७३ | ५७४८७४ |

अनुसूची १

सम्पत्तीकर /घरजग्गाकर

आ.ब २०८१/०८२ का लागि सम्पति करको मूल्यांकनका लागि प्रस्तावित दर रेटहरु

अमरगढी नगरपालिका अन्तर्गतका वडाहरु र प्रत्येक वडामा सडक, विधुत, खानेपानि, टुलिफोन, टेलिभिजन आदि भौतिकसुबिधा र जग्गाको कारोबारको वास्तविक मूल्य र जिल्ला मालपोत कार्यालय डडेल्धुराले गरेको गत बर्षको मुल्यांकन समेतको आधारमा तपसिल वमोजिममा सम्पती कर प्रयोजनको लागि २०७६/०४/०१ गते देखि लागु हुने गरि जग्गाको न्यूनतम मुल्यांकन कायम गरियो ।

अमरगढी नगरपालिका अन्तर्गत साबिक खलंगा गा.बि.स. वडा नं. ६ /ख, ६ /ग को पिच सडक संग जोडिएको बजार क्षेत्र अन्तरगत बसपार्क पिपल चौतारा देखि तुफानडाँडा चोकसम्म पिच सडकको दाँया बाँया १५/१५ मिटर छोडी सो देखि ३५ मिटर पछाडी सम्मको जग्गा प्रति आना रु.५,५०,०००|- (पाँच लाख पचास हजार मात्र) र सो भन्दा २०० मिटर पछाडी सम्मका सम्पूर्ण कित्ता जग्गाको प्रति आना रु. २,५०,०००|- (दुई लाख पचास हजार मात्र)

अमरगढी नगरपालिका अन्तर्गत साबिक खलंगा गा.बि.स वडा नं. ६/ग को पिच सडक संग जोडिएको बजार क्षेत्र अन्तरगत तुफानडाँडा चोक देखि कारागार सम्मको कित्ताहरु सडकको दाँया बाँया १५/१५ मिटर छोडी सो देखि ३५ मिटर पछाडी सम्मको जग्गा प्रति आना रु.३,५२,०००|- (तिन लाख बाउन्न हजार मात्र) र सो देखि पछाडी २०० मिटर पछाडी सम्म सम्पूर्ण जग्गाहरुको प्रति आना रु. १,४८,००० (एक लाख अठचालिस हजार मात्र)

अमरगढी नगरपालिका अन्तर्गत साबिक खलंगा गा.बि.स वडा नं. ७ /क तुफानडाँडा चोक देखि नगरपालिका जाने बाटो सम्म को पिच सडक संग जोडिएको दाँया बाँया १५/१५ मिटर छोडी बजार क्षेत्र अन्तर्गतका कित्ताहरु सडक देखि ३५ मिटर सम्म प्रति अना रु. ३,५२,०००|- (तिन लाख बाउन्न हजार मात्र) र सो देखि पछाडी २०० मिटर सम्म प्रति आना रु. १,२१,०००|- (एक लाख एक्काईस हजार मात्र)

अमरगढी नगरपालिका अन्तर्गत साबिक खलंगा गा.बि.स वडा नं. ७ /झ को पिच सडक संग जोडिएको खानेपानी अगाडिदेखि प्राबिधिक कार्यालय गेट सम्म पिच सडकको दाँया बाँया १५/१५ मिटर छोडी ३५ मिटर पछाडी सम्म प्रति आना रु.३,६०,०००|- (तिन लाख साठी हजार मात्र) र सो देखि पछाडी २०० मिटर सम्म प्रति आना रु. १,३२,०००|- (एक लाख बत्तिस हजार मात्र)

अमरगढी नगरपालिका अन्तर्गत साबिक खलंगा गा.बि.स वडा नं ८ /च को पिच सडक संग जोडिएको बजार क्षेत्र अन्तरगत कारागार शाखा देखि किर्तिपुर बजारको बस बिसौनी सम्म पिच सडकको दाँया बाँया १५/१५ मिटर छोडी ३५ मिटर पछाडी सम्मको जग्गा प्रति आना रु. २,८०,०००|- (दुई लाख असि हजार मात्र) र सो देखि पछाडी २०० मि सम्म सम्पूर्ण जग्गाहरुको प्रति आना रु. १,३२,०००|- (एक लाख बत्तीस हजार मात्र)

अमरगढी नगरपालिका अन्तर्गत साबिक भूमिराज टाँटर गा.बि.स. वडा नं ५ /ठ को पिच सडक संग जोडिएको सडकको दाँया बाँया १५/१५ मिटर छोडी ३५ मिटर पछाडी सम्मको जग्गा प्रति आना रु.

२,८०,०००।- (दुई लाख असि हजार मात्र) र सो देखि पछाडी २०० मि सम्म सम्पूर्ण जग्गाहरुको प्रति आना रु. १,३२,०००।- (एक लाख बत्तीस हजार मात्र)

अमरगढी नगरपालिका अन्तर्गत साबिक खलंगा गा.बि.स वडा नं. ५/ख को स्याउले बजार क्षेत्र पिच सडकको दाँया बाँया २५/२५ मिटर छोडी ३५ मिटर पछाडी सम्मको जग्गा प्रति आना रु २,४०,०००।- (दुई लाख चालिस हजार मात्र) र सो देखि पछाडी २०० मि सम्म सम्पूर्ण जग्गाहरुको प्रति आना रु ९५,०००।- (पन्चानब्बे हजार मात्र)

अमरगढी नगरपालिका अन्तर्गत साबिक डोटी घटाल र गणेशपुर गा.बि.स वडा नं १ /च ढुनढुने पेट्रोल पम्प देखि दहब्यारेक सडक संग जोडिएको कित्ताहरू र सडकको दाँया बाँया २५/२५ मिटर छोडी ३५ मिटर पछाडी सम्मको कित्ता जग्गा प्रति आना रु १,८१,०००।- (एक लाख एकासी हजार मात्र)

अमरगढी नगरपालिका अन्तर्गत साबिक भूमिराज टांटर गा.बि.स वडा नं ३ डकले देखि भागेश्वर मा बि सम्म को पिच सडक संग जोडिएको उल्लेखित कित्ताहरु र यसमा छुट हुन गएका सडकको दाँया बाँया १५/१५ मिटर छोडी ३५ मिटर पछाडी सम्मको कित्ता जग्गा प्रति आना रु १,८२,०००।- (एक लाख बयासी हजार मात्र)

अमरगढी नगरपालिका साबिक भूमिराज टांटर गा.बि.स अन्तर्गत भागेश्वोर मा.बि देखि सल्लाघारी जोड्ने सडकसंग जोडिएका कित्ताहरु सडकको दाँया बाँया १५/१५ मिटर छोडी ३५ मिटर सम्मको प्रति आना रु १,००,०००।- (एक लाख मात्र)

अमरगढी नगरपालिका अन्तर्गत साबिक भूमिराज टांटर गा.बि.स. वडा नं.३ /च को पिच सडकको दाँया बाँया १५/१५ मिटर छोडी ३५ मिटर पछाडी सम्मको जग्गा प्रति आना रु १,५४,०००।- (एक लाख चौवन्न हजार मात्र)

अमरगढी नगरपालिका अन्तर्गत साबिक भूमिराज टांटर गा.बि.स वडा नं.२ /घ को पिच सडकको जग्गा दाँया बाँया १५/१५ मिटर छोडी ३५ मिटर पछाडी सम्मको जग्गा प्रति आना रु १,५४,०००।- (एक लाख चौपन्न हजार मात्र) र सहायक बाटोमा पर्ने कित्ताको प्रति आना रु ५०,०००।- (पचास हजार मात्र) र साबिक भूमिराज टांटर गाबिस वडा न २रख , वडा नं २ /ट, वडा न १ /ङ को पिच सडकको जग्गा दाँया बाँया १५/१५ मिटर छोडी ३५ मिटर पछाडी सम्मको जग्गा प्रति आना रु १,२०,०००।- (एक लाख बिस हजार मात्र)

अमरगढी नगरपालिका अन्तरगत साबिक उग्रतारा गा.बि.स वडा नं ५ /क ,८ /ङ को पिच सडकको जग्गा दाँया बाँया १५/१५ मिटर छोडी ३५ मिटर पछाडी सम्मको जग्गा प्रति आना रु १,५४,०००।- (एक लाख चौपन्न हजार मात्र)

अमरगढी नगरपालिका अन्तरगत साबिक उग्रतारा गा.बि.स वडा नं. १/छ ,१/घ , १/ज को पिच सडकको जग्गा दाँया बाँया १५/१५ मिटर छोडी प्रति आना रु ४०,०००।- (चालिस हजार मात्र) र सो देखि पछाडि २०० मि सम्म सम्पूर्ण जग्गाहरुको प्रति आना रु १६,५००।- (सोह्र हजार पाँच सय मात्र )

अमरगढी नगरपालिका अन्तर्गत साबिक उग्रतारा गा.बि.स वडा नं. ५ /ख को सडकको दाँया बाँया १५/१५ मिटर छोडी ३५ मिटर पछाडी सम्मको जग्गा प्रति आना रु ३८,५००।- (अठतीस हजार पाँच सय मात्र) र वडा न ५ /ङ को सडकको दाँया बाँया १५ /१५ मिटर छोडी ३५ मिटर पछाडी सम्मको जग्गा प्रति आना रु २२,०००।- (बाइस हजार मात्र)

CamScanner

अमरगढी नगरपालिका अन्तर्गत साबिक उग्रतारा गा.बि.स वडा नं ८/क,८/घ, ८/ङ को सडकको दाँया बाँया १५/१५ मिटर छोडी ३५ मिटर पछाडी सम्मको जग्गा प्रति आना रु १,२१,०००|- (एक लाख एक्काइस हजार मात्र)

अमरगढी नगरपालिका अन्तर्गत साबिक उग्रतारा गा.बि.स वडा नं९ /क ,९ /ख, ७ /क, ७ /घ , ७ /३ को सडकको दाँया बाँया १५/१५ मिटर छोडी ३५ मिटर पछाडी सम्मको जग्गा प्रति आना रु ६६,०००|- (छैसट्ठी हजार मात्र)/

अमरगढी नगरपालिका अन्तर्गत साबिक उग्रतारा गा.बि.स वडा नं ७/ज को सडकको दाँया बाँया १५/१५ मिटर छोडी ३५ मिटर पछाडी सम्मको जग्गा प्रति आना रु २५,०००|- (पच्चिस हजार मात्र)

अमरगढी नगरपालिका अन्तर्गत साबिक खलंगा गा.बि.स वडा नं. ६/ख अन्तरगत तुफानडाँडा चोक देखि किल्ला खानेपानि टकि सम्म । विद्युत प्राधिकरण जाने र शिक्षा कार्यालय हुँदै जाने दुइवटै पिच सडकसँग जोडिएको सडकको दाँया बाँया १५/१५ मिटर छोडी ३५ मिटर पछाडी सम्म प्रति आना रु ३,२५,०००|- (तिन लाख पच्चिस हजार मात्र) र प्रशासनको गेट सम्म पिच सडकसँग जोडिएको जग्गाहरुको प्रति आना रु २,२१,०००|- (दुई लाख एक्काइस हजार मात्र)

अमरगढी नगरपालिका अन्तर्गत साबिक खलंगा गा.बि.स वडा नं. ६/ ख अन्तर्गत नर्सिङभैरव मन्दिरदेखि जिल्ला अस्पतालसम्म पिच सडकसँग जोडिएको सडकको दाँया बाँया १५/१५ मिटर छोडी ३५ मिटर पछाडी सम्म प्रति आना रु २,४२,०००|- (दुई लाख बयालीस हजार मात्र)

अमरगढी नगरपालिका अन्तर्गत साबिक खलंगा गा.बि.स वडा नं २ र १ ख अन्तर्गत प्रशासन कार्यालयको गेट देखि टुँडिखेल गेटसम्म सडकको दाँया बाँया १५/१५ मिटर छोडी ३५ मिटर पछाडी सम्मको जग्गा प्रति आना २,१५०००|- (दुई लाख पन्ध्र हजार मात्र)

टुँडिखेल गेटदेखि सिस्या थान सम्म सडकसँग जोडिएको प्रति आना रु १,७५०००|- (एक लाख पचहत्तर हजार मात्र) र टुँडिखेल गेटदेखि ऐंसेलु झाडीसम्म सडकसँग जोडिएको प्रति आना रु ८०,०००|- (असी हजार मात्र)

अमरगढी नगरपालिका अन्तर्गत साबिक खलंगा गा.बि.स वडा नं. ६ /ख अन्तर्गत अन्तर्गत महेश्वरी होटल ठाडो खुड्कीला र तुफानडाँडा साबिक महिला बिकास कार्यालय सम्म सडकको दाँया बाँया १५/१५ मिटर छोडी ३५ मिटर पछाडी सम्मको जग्गा प्रति आना रु १,७५०००|- (एक लाख पचहत्तर हजार मात्र)

बैतडी जाने सडकदेखि उत्तर नेपाल विद्युत प्राधिकरण देखि दक्षिण सडकदेखि भित्रको जग्गा प्रति आना रु.१,७०,०००।( (एक लाख सत्तरी हजार मात्र)

बागबजार भीमदत्त चोकदेखि जिल्ला प्रशासन कार्यालयको गेटसम्म सडकको दायाँ बायाँ ३५ मिटरसम्म सडकसँग जोडिएको जग्गा प्रति आना रु १८१,०००|- (एक लाख एकासी हजार मात्र)

बागबजार भीमदत्त चोकदेखि जिल्ला प्रशासन कार्यालयको गेटसम्म पिच सडकदेखि दक्षिण शिस्याथान सामुदायिक वनक्षेत्रको सिमाना देखि उत्तर सडकदेखि भित्री भागको जग्गा प्रति आना रु १, १००००|- (एक लाख दश हजार मात्र) र बागबजार बगरकोट सडकको पहिलो मोड हुँदै टुँडिखेल सडक शिस्याथान सडक छोडी दायाँ बायाँ सम्म प्रति आना रु १,२१,०००|- (एक लाख एक्काइस हजार मात्र)

CS CamScanner

शिक्षा कार्यालय बाल मन्दीर हुँदै किल्लासम्म सडकसँग जोडिएको जग्गा प्रति आना रु १,५०,०००।- (एक लाख पचास हजार मात्र)

तुफानडाँडा चोकदेखि डडेल्धुरा अस्पतालको गेटसम्म सडकसँग जोडिएको जग्गा प्रति आना रु २,३१,०००।- (दुई लाख एकतीस हजार मात्र), डडेल्धुरा अस्पतालको गेटदेखि तल्लो खलङ्गा ठूलधारा सम्म सडकसँग जोडिएको जग्गा प्रति आना रु १,०६,०००।- (एक लाख छ हजार मात्र) र ठूलधारा देखि ऐँसेलु झारी हुँदै टुँडिखेल आइतको सडकसम्म जोडिएको कित्ताहरु प्रति आना रु ७५,०००।- (पचहत्तर हजार मात्र) र यस बाहेक सडकको दायाँ बाँया ३५/ ३५ मिटर भन्दा पछाडी २०० मि. सम्म प्रति आना रु ५०,०००।- (पचास हजार मात्र)

बागबजार पिपल चौतारी बगरकोट सडकको पहिलो मोड सडकसम्म प्रति आना रु २,७५,०००।- (दुई लाख पचहत्तर हजार मात्र)

अमरगढी नगपालिका अन्तर्गत बगरकोट सडकको पहिलो मोडदेखि आइतबजार पिपल चौतारीको उत्तरपूर्व खोल्सीसम्म सडकसँग जोडिएको जग्गा प्रति आना रु ४२,०००।- (बयालीस हजार मात्र)

आइत बजार चौतारीको उत्तरपूर्व खोल्सी देखि घटाल बाबाको मन्दीर जाने बाटोको चोकसम्म प्रति आना ६०,०००।- (साठी हजार मात्र)

घटाल मन्दीर जाने बाटोको चोकदेखि घटाल मन्दीर पिच सडक सम्म सडकको दायाँ बायाँ सडकसँग जोडिएको जग्गाको प्रति आना रु ५०,०००।- ( पचास हजार मात्र) र घटाल मन्दीर देखी चिरकिट्टे सडक संग जोडीएको जग्गाको प्रति आना रु ३०,०००।-

अमरगढी नगरपालिका स्थित वाटिका नाउलादेखि घटाल सोलपरी बीरखम्ब सम्म जाने बाटोको दायाँ बायाँ बाटोसँग जोडिएको जग्गा प्रति आना रु ५४,०००।- (चौपन्न हजार मात्र) र घटाल सोलपरी बीरखम्ब स्कुलदेखि घटाल थानसम्म सडकमा जोडिएको जग्गा प्रति आना रु ४७,०००।- (सत्चालीस हजार मात्र)

जिल्ला कारागार शाखा जोगिनीस्थान देखी अजयमेरु कोट जाने सेलागाउं बाटोको दांया बांया वाटो संग जोडिएको जग्गा प्रति आना रु ६८,०००।-(अटसट्टी हजार मात्र ) र अजयमेरुकोट जाने वाटो झुर्काली सम्म जोडिएको जग्गा प्रति आना रु४२,०००।-(बयालिस हजार मात्र)।

अमरगढी नगरपालिका अन्तरगत किर्तिपुर बस बिसौनी देखी भन्केपानी सम्म सडकको दांया बांया सडक संग जोडिएको जम्मा प्रति आना रु ८०,०००।-(असी हजार मात्र) भन्केपानी देखी मेली डांडा सम्म सडकको दायां बायां सडक संग जोडिएको जग्गा प्रति आना रु ४५,०००।- (पैतालिस हजार मात्र) र बागचौर देखी बकण्डे, खुल्लेक गाउं सम्म सडकको दायां बायां सडक संग जोडिएको जग्गा प्रति आना रु ४२,०००।-(बयालिस हजार मात्र )।

अमरगढी नगरपालिका स्थित खोटो अफिस देखी धमलेक, डोर जाने सडक र मौरडा चालिस मोड सडक संग जोडिएको जग्गा प्रति आना रु४२,०००।-( बयालिस हजार मात्र) ।

साविक डोटी घटाल गा.वि.स. चालिसको मोड देखी बैजनाथ मा.वि. हुंदै मौरडा गाउं सम्म जाने ग्रामिण सडक संग जोडिएको जग्गा प्रति आना रु४२,०००।-(बयालिस हजार मात्र) ।

CamScanner

साविक भुमिराज गा.वि.स. स्थित डकले देखी टोटे सिलंगा रातागौन बैतडी सडकको दायाँ बायां प्रति आना रु १,३०,०००।-(एक लाख तिस हजार मात्र) र टोटे सिलंगा देखी खनमडा जाने वाटो संग जोडिएका कित्ताहरु प्रति आना रु ४०,०००।-(चालिस हजार मात्र) ।

साविक डोटी घटाल अमरगढी न.पा. १ तडीवाटा २५र२५ मिटर छोडी सो देखी ३५ मि. पछाडी सम्म प्रति आना रु ५०,०००।- (पचास हजार मात्र)।

अमरगढी नगरपालिका अन्तरगत स्याउले वजार देखि रडुवा खोला सम्म सडकको दायां वायां २५ मि. छोडी सो देखी ३५ मि.सम्म जग्गा प्रति आना ३६,०००।- (छतिस हजार मात्र) ।

स्याउले वजार देखी बाग वजार पिपल चौतारी सम्म पिंच सडकवाट २५र२५ मि. छोडी २०० मि. पछाडी सम्म प्रति आना रु ८५,०००।-(पचासी हजार मात्र) ।स्याउले सडक देखी मालम गाउं सम्म सडक संग जोडिएको जग्गाको दायां वायां प्रति आना रु ३६,०००|- (छतिस हजार मात्र)।

अमरगढी नगरपालिका वडा नं. १ दह व्यारेक देखी असिग्राम गा.वि.स. भेटा सम्म दहव्यारेक सडक संग जोडिएको जग्गा प्रति आना रु २४,०००।-(चौविस हजार मात्र )

अमरगढी नगरपालिकाको कार्यालय देखी धमतला सम्म सडक संग जोडिएको जग्गाको दायां वायां प्रति आना रु १,१५,०००।-(एक लाख पन्ध्र हजार मात्र)।

रानीधारा देखी अमरगढी किल्ला र साविकको जिल्ला अस्पताल सम्म सडकको दायां वायां जग्गा प्रति आना रु २,४२,०००।- (दुई लाख बयालिस हजार मात्र) अमरगढी नगरपालिका अन्तरगत रातागुन ०रतनपुर९देखी खनमडा सडक सम्म जोडिएको जग्गा प्रति आना रु ३६,०००।-(छतिस हजार मात्र)।

अमरगढी नगरपालिका अन्तरगत रातागुन सवसेन्टर देखी पोखरा वजार सम्म साविक उग्रतारा पोखरा गा.वि.स. का वडा नं. ७/घ सडकको दायां वायां १५/१५ मि. छोडी ३५ मि. पछाडी सम्मको प्रति आना रु २,२०,०००।-(दुई लाख बिस हजार मात्र)

हजार मात्र) र खनमडा देखी सल्लेश्वर गाड सम्म जोडिएको सडकमा पर्ने कित्ताहरु प्रति आना रु २०,०००।-(बिस हजार मात्र)

अमरगढी नगरपालिका अन्तरगत पोखरा तिलाडी सडक सम्म जोडिएको जग्गा प्रति आना रु३६,०००।-(छतिस हजार मात्र)।

अमरगढी नगरपालिका अन्तरगत पोखरा भाटगाउं सडक संग जोडिएको जग्गा प्रति आना रु१२,०००।-(बाह हजार मात्र )।

अमरगढी नगरपालिका अन्तरगत आईत सुनेडा,भलीया ,हरडी , दोगाड, कोटकाँडे सडक संग जोडिएको जग्गा प्रति आना रु १२,०००।-(बाह हजार मात्र )।

रातागुन देखी भजनपुर सम्मको सडक संग जाडीएको दायाँ बाँया प्रति आना रु २०,००० (बिस हजार मात्र) र भजनपुर देखी छचोडा ,भजनपुर देखी दुमडा सम्मको सडक संग जाडीएको दायाँ बाँया प्रति आना रु १२,०००।-(बाह हजार मात्र )।

अमरगढी नगरपालिका अन्तरगत भालुमारे देखी अनारखोली वजार सम्मको साविक उग्रतारा पोखरा गा.वि.स. का वडा नं. ७/घ सडकको दायां वायां १५/१५ मि. छोडी ३५ मि. पछाडी सम्मको प्रति आना रु १,६५,०००।(एक लाख पैसट्टी हजार मात्र)

CS CamScanner

| प्रस्तावित मूल्य प्रति | ८००।- | ८००।- | ६००।- | ६००।- | ५५०।- | ५५०।- | ५००।- | ५००।- | ४५०।- | ४५०।- |
|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रति वर्ष टुटफुट | ०.७५ | ०.७५ | १.०० | १.०० | २.०० | २.०० | ३.०० | ३.०० | ४.०० | ४.०० |
| कट्टी गर्ने जम्मा वर्ष | १०० | १०० | ७० | ७० | ३० | ३० | २५ | २५ | २० | २० |
| घरको मूल्याङ्कन गर्दा | प्रति तला ३० प्रतिशत कम | प्रति तला ३० प्रतिशत कम | प्रति तला २० प्रतिशत कम | प्रति तला २० प्रतिशत कम | प्रति तला १५ प्रतिशत कम | प्रति तला १५ प्रतिशत कम | प्रति तला १५ प्रतिशत कम | प्रति तला १५ प्रतिशत कम | प्रति तला १५ प्रतिशत कम | प्रति तल १५ प्रतिश कम |

## अनुसूची-१
## सम्पत्ति करको दर

| | मुल्यांकन कर योग्य सम्पत्तिको मूल्य रु. | बार्षिक दर रु. |
|---|---|---|
| | १ देखी २ लाख ५० हजार रुपैया सम्म | एकमुष्ठ रु.२५। |
| | २ लाख ५० हजार १देखी ५ लाख सम्म | एकमुष्ठ रु.५०। |
| | ५ लाख एक देखी १० लाख सम्म | एकमुष्ठ रु.२००। |
| | १० लाख १ देखी १५ लाख सम्म | एकमुष्ठ रु.३००। |
| | १५ लाख १ देखी २० लाख सम्म | एकमुष्ठ रु.४००। |
| | २० लाख १ देखी २५ लाख सम्म | एकमुष्ठ रु.६७०। |
| | २५ लाख १ देखी ३० लाख सम्म | एकमुष्ठ रु.१०००। |
| | ३० लाख १ देखी ३५ लाख सम्म | एकमुष्ठ रु.१२००। |
| | ३५ लाख १ देखी ४० लाख सम्म | एकमुष्ठ रु.१८००। |
| | ४० लाख १ देखी ४५ लाख सम्म | एकमुष्ठ रु.२४००। |
| | ४५ लाख १ देखी ५० लाख सम्म | एकमुष्ठ रु.३०००। |
| | ५० लाख १ देखी ५५ लाख सम्म | एकमुष्ठ रु.३३००। |
| | ५५ लाख १ देखी ६० लाख सम्म | एकमुष्ठ रु.३५००। |
| | ६० लाख १ देखी ६५ लाख सम्म | एकमुष्ठ रु.४५००। |
| | ६५ लाख १ देखी ७० लाख सम्म | एक मुष्ठ रु.५२००। |
| | ७० लाख १ देखी ७५ लाख सम्म | एक मुष्ठ रु.६१००। |
| | ७५ लाख १ देखी ८० लाख सम्म | एक मुष्ठ रु.६८००। |
| | ८० लाख १ देखी ८५ लाख सम्म | एक मुष्ठ रु.७७००। |
| | ८५ लाख १ देखी ९० लाख सम्म | एक मुष्ठ रु.८४००। |
| | ९० लाख १ देखी ९५ लाख सम्म | एक मुष्ठ रु.९२००। |

CamScanner

| | | |
|---|---|---|
| | ९५ लाख १ देखी १ करोड सम्म | एक मुष्ठ रु.१०,०००। |
| | १ करोड १ देखी १ करोड ५० लाख सम्म | एक मुष्ठ रु.१५,०००। |
| | १ करोड ५० लाख १ देखी २ करोड सम्म | एक मुष्ठ रु.२०,०००। |
| | २ करोड १ देखी २ करोड ५० लाख सम्म | एक मुष्ठ रु.२५०००। |
| | २ करोड ५० लाख १ देखी ३ करोड सम्म | एक मुष्ठ रु.३२०००। |
| | ३ करोड १ देखी ३ करोड ५० लाख सम्म | एक मुष्ठ रु.३९०००। |
| | ३ करोड ५० लाख १ देखी ४ करोड सम्म | एक मुष्ठ रु.४६०००। |
| | ४ करोड १ देखी ४ करोड ५० लाख सम्म | एक मुष्ठ रु.५३०००। |
| | ४ करोड ५० लाख १ देखी ५ करोड सम्म | एक मुष्ठ रु.६००००। |
| | ५ करोड १ देखी ५ करोड ५० लाख सम्म | प्रति हजार रु.दई थप |

उल्लेखित दररेटमा २०७९ असार मसान्तसम्म रु.३०,००,०००। आम्दानी हुने अनुमान गरिएकोमा २७,६४,१०७मात्र संकलन भएको छ । त्यस्तै आर्थिक ऐन, २०७८ मा करको सम्पत्ति करको दरमा कुनै परिवर्तन नगरी आर्थिक ऐन, २०७९ जारी भएको र सो ऐनमा भएको व्यवस्था बमोजिम २०७९ मंसिर महिनासम्म संकलन हुँदा १८४०३४५। सम्पत्ति कर संकलन भएको छ । सो को आधारमा यस आर्थिक बर्षमा करिव ३००००००। सम्पत्ति कर प्राप्त हुने देखिन्छ । प्रयाप्त प्रचार प्रसारको कमि र नगरपालिका केन्द्र आएर कर बुझाउनु पर्ने झन्झटका कारण सवै कर दाता केन्द्र सम्म नआएका कारण समेत कर प्रयाप्त उठ्न नसकेकोमा गत आर्थिक बर्षबाट थप वटा वडा कार्यालयबाट समेत राजस्व संकलन गर्ने व्यवस्था गरिएको थियो ।

आगामी आर्थिक बर्षमा सबै वडा कार्यालयमा कर तिर्न सक्ने वातावरण तयार पारिएको र वडा केन्द्र बाट कर तिर्न सक्ने वातावरण भएमा नागरिक करको दायरामा आउने हुँदा सम्पत्ति करमा १०% ले बृद्धि हुन सक्ने आँकलन गर्न सकिन्छ । सो आधारमा आगामी आर्थिक बर्ष २०८१/८२ मा रु.३९०००००। सम्पत्ति कर संकलन हुने आँकलन रहेको छ ।

CamScanner

अनुसुची २

भूमिकर(मालपोत) करका दर

| सि.न. | राजस्वको क्षेत्रहरु | चालु आ.व.२०८०।८१को दर | आ.व.२०८१।८२ का लागि स्वीकृत दर | पुस्ट्याई | कैफियत |
|---|---|---|---|---|---|
| १ | ए.स.कर लागु हुनु भन्दा अगाडीको मालपोत असुली गर्दा प्रति रोपनी | रु.१ | रु.१ | यथावत | |
| २ | लगतमा बाधिएको जग्गाको हकमा सोही अनुसार र न्युनतम मालपोत रु. ५ भन्दा कम लगाईने छैन | लगतमा बाधिएको जग्गाको हकमा सोही अनुसार र न्युनतम मालपोत रु. ५ भन्दा कम लगाईने छैन | लगतमा बाधिएको जग्गाको हकमा सोही अनुसार र न्युनतम मालपोत रु. ५ भन्दा कम लगाईने छैन | " | |
| ३ | ए.स.कर लागु हनु भन्दा अगाडीको मालपोत बक्यौता असुली गर्दा जरिवाना<br>पहिलो वर्ष | ३० प्रतिशत | ३० प्रतिशत | " | |
| ४ | दोस्रो वर्षको | ४५ प्रतिशत | ४५ प्रतिशत | " | |
| | तेस्रो बर्षको | ६० प्रतिशत | ६० प्रतिशत | " | |
| ५ | ४ वर्षको | ७५ प्रतिशत | ७५ प्रतिशत | " | |
| | ५ वर्ष सोभन्दा माथिको जरीवाना लाग्ने । | वढीमा ९० प्रतिशत जरीवाना लाग्ने | वढीमा ९० प्रतिशत जरीवाना लाग्ने | | |
| ६ | सम्पत्तीकर भूमि कर बक्यौतामा जरिवाना १ वर्षको | २० प्रतिशत | २० प्रतिशत | " | |
| | सम्पत्तीकर भूमि कर बक्यौतामा जरिवाना १ वर्ष भन्दा माथिको | ३० प्रतिशत | ३० प्रतिशत | " | |

अनुसूची ३

**घर जग्गा बहाल कर**

अमरगढी नगरपालिका आर्थिक ऐन, २०७९ मा घरजग्गा बहाल कर अन्तर्गत तथा नयाँ आर्थिक ऐनको लागि निम्न अनुसार देट रहेको तथा प्रस्ताव गरिएको छ ।

| सि.नं. | राजस्वको क्षेत्रहरु | | चालु आ.व.२०८०।८१को दर | आ.व.२०८१।८२ का लागि स्वीकृत दर | पुस्ट्याई | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | घर बहाल कर<br>यस न.पा.क्षेत्र भित्र आफ्नो घर पसल ग्यारेज वा गोदाम,टहरा कल कारखाना जग्गा वा आंशिक रुपमा बहालमा दिएकोमा सम्वन्धित धनीवाट वहाल रकमको १० प्रतिशत सम्म वहाल कर लिने । घर वहाल कर लाई प्रभावकारी बनाउन क्षेत्रगत रुपमा निर्धारण गरीएको भाडादर तपशिल अनुसार हुनेछ । | | १० प्रतिशत | १० प्रतिशत | यथावत | |
| | बसपार्क देखी भिमदत्त चोक | तल्लो तला | ५०००।- | ५०००।- | " | |
| | | मल्लो तला | ३०००।- | ३०००।- | " | |
| | भिमदत्त चोक देखी जोशी पुस्तक सम्म | तल्लो तला | ३०००।- | ३०००।- | " | |
| | | मल्लो तला | २०००।- | २०००।- | " | |
| | भिमदत्त चोक देखी रानिधारा सम्म | तल्लो तला | ४०००।- | ४०००।- | " | |
| | | मल्लो तला | २५००।- | २५००।- | " | |
| | बसपार्क पिपल चौतारो देखी बगरकोट रोड | तल्लो तला | ३०००।- | ३०००।- | " | |
| | | मल्लो तला | २०००।- | २०००।- | " | |
| | रानीधारा देखी नगरपालीका गेट सम्म | तल्लो तला | ३०००।- | ३०००।- | " | |
| | | मल्लो तला | २०००।- | २०००।- | " | |
| | नगरपालीका गेट देखी कृतिपुर सिसोर्ट सम्म | तल्लो तला | १०००।- | १०००।- | " | |
| | | मल्लो तला | ५००।- | ५००।- | " | |
| | तुफानडाँडा चर्च देखी शिक्षा रोड र विद्युत रोड समेत जिल्ला प्रशासन सम्म | तल्लो तला | १५००।- | १५००।- | " | |
| | | मल्लो तला | १०००।- | १०००।- | " | |
| | जिल्ला प्रशासन देखी टुडीखेल सम्म | तल्लो तला | १०००।- | १०००।- | " | |
| | | मल्लो तला | ५००।- | ५००।- | " | |
| | पोखरा बजार | | १०००।- | १०००।- | " | |
| | स्याउले | | १०००।- | १०००।- | " | |
| | तडीवाटा | | १०००।- | १०००।- | " | |
| | आईतबजार,सल्लाघारी,राई,भज्यौटा | | ५००।- | ५००।- | " | |

उल्लेखित दररेट कायम भएको र २०८० असार मसान्तसम्म रु. ३५०००००।०० आम्दानी हुने अनुमान गरिएकोमा विगतका बर्षको बक्यौता समेत बहालकर उठेकाले रु. ३६३७९८४।२३ घरजग्गा बहाल कर संकलन भएको छ । त्यस्तै आर्थिक ऐन, २०७९ मा घरजग्गा बहाल करको दरमा कुनै परिवर्तन नगरी आर्थिक ऐन, २०८० जारी भएको र सो ऐनमा

भएको व्यवस्था बमोजिम २०८० मंसिर महिना सम्म संकलन हुँदा ८२३४२०। घरजग्गा बहाल कर,१६८००। सरकारी सम्पत्ती बहालबाट आय संकलन भएको छ ।

आगामी आर्थिक बर्षमा भ्याक्होलोडर,टिप्पर,ट्र्याक्टर भाडामा लगाउन सकेमा बहाल कर करिब १० % ले बृद्धि हुन सक्ने ऑकलन गर्न सकिन्छ । सो आधारमा आगामी आर्थिक बर्ष २०८०/८१ मा रु.४४०९०००। घरजग्गा बहाल कर संकलन हुने ऑकलन रहेको छ ।

नगर कार्यपालिकाको कार्यालय

अमरगढी नगरपालिका नगर कार्यपालिकाको कार्यालय डडेल्धुरा सुदूरपश्चिम प्रदेश, नेपाल

## अनुसूची ४

**व्यवसाय कर**

यस नगरपालिका आर्थिक ऐन, २०८० मा व्याबसाय कर अन्तर्गत तथा नयाँ आर्थिक ऐनको लागि निम्न अनुसार देट रहेको तथा प्रस्ताव गरिएको छ ।

| सि.नं. | राजस्वको क्षेत्रहरु | चालु आ.व.२०८०।८१को दर | आ.व.२०८१।८२ का लागि स्वीकृत दर | पुस्त्याई | कैफियत |
|---|---|---|---|---|---|
| १ | क्यासेट रिकर्डर तथा प्लेयर,भिडियो ,क्यासेट भाडामा दिने (डि.जे.) , टेन्ट आदी भाडामा दिने । | ११००।- | ११००।- | यथावत |  |
